सातौं बैठक

आज मिति २०७९/०३/३१ गतेका दिन बिहान ८:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २) | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | श्री राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६) | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३) | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | श्री सेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १५) | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६) | श्री मान बहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७) | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८) | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०) | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१) | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२) | श्री यशोदा भणडारी | कार्यपालिका सदस्य | |
| २३) | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४) | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५) | श्री विन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६) | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७) | श्री अनिल कुमार | कार्यपालिका सदस्य | |
| २८) | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९) | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०) | श्री रामलाल श्रेष्ठ | प्र.प्र.अ/ सचिव | |

निर्णय नं. १:

भू-उपयोग ऐन, २०७६ को दफा १८ उपदफा(२) मा नगर कार्यपालिकाले स्थानीय भू-उपयोग परिषदको रुपमा कार्य गर्ने व्यवस्था भए बमोजिम मिति २०७९/०३/३० गतेको भू-उपयोग कार्यान्वयन समिति (विज्ञ सहित) को सिफारिस समेतको आधार, भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली २०७९ बमोजिम भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापन गर्न श्री भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयको च.नं. १६४०, मिति २०७९/०२/२७ गतेको पत्रानुसार खेतीयोग्य जग्गा (कृषि क्षेत्र) वा गैर कृषि श्रेत्र निर्धारण गर्न प्रयोजनका पहिलो चरणमा धनगढी उप-महानगरपालिका वडा नं. १ र ४ को क्षेत्रमा रहेको जग्गालाई गैर कृषि क्षेत्र निर्धारण गर्ने र सोही बमोजिम कित्ताकाट कार्यका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो । साथै अन्य वडाहरुको हकमा सम्बन्धित वडा कार्यालयहरुले सरोकारवालाहरुसँग समन्वय गरि परिषदको निर्णयका लागि सिफारिस गरि पठाउने निर्णय गरियो।

निर्णय नं. २:

धनगढी उप-महानगरपालिकामा सुविधा सम्पन्न आधुनिक नयाँ बसपार्क निर्माण गर्ने योजना रहेको सन्दर्भमा यसको लगानीको लागि स्रोतको सुनिश्चितता भईसकेको तर जगाको अभावले गर्दा उक्त योजना कार्यान्वयनमा कठिनाई परेको हुँदा उक्त बसपार्क निर्माण प्रयोजनका लागि कैलाली जिल्ला , धनगढी उप-महानगरपालिका वडा नं. ३, सिट नं. ०२७-०६२३, १ कि.नं. १५७१६१ व.मि.(२३-४-२ विगाहा) नेपाल सरकारको नाममा स्रेस्ता कायम भएको जग्गा धनगढी उप-महानगरपालिकाको नाममा नेपाल सरकारबाट उपलब्ध गराउने कार्यमा आवश्यक सहयोग गरिदिन श्री जिल्ला प्रशासन कार्यालय, कैलाली र श्री भूमी सुधार तथा मालपोत कार्यालय, कैलालीलाई अनुरोध गरी पठाउने निर्णय गरियो।

निर्णय नं. ३:

धनगढी उप-महानगरपालिका क्षेत्र भित्र २०७९ श्रावण १ गते देखि कुनै पनि सडक निकाल्दा ग्राभेल र विद्युतको विस्तार भए मात्र कित्ताकाट गर्न नापी कार्यालयमा लेखी पठाउने निर्णय पारित गरियो।

निर्णय नं. ४:

धनगढी उप-महानगरपालिका क्षेत्र भित्र २०७९ श्रावण १ गते देखि नयाँ कित्ताकाट हुने सडकमा ग्राभेल र विद्युत नपुगेको क्षेत्रमा उप-महानगरपालिकाबाट भवन निर्माण अनुमति नदिने निर्णय गरियो।

निर्णय नं.५:

हाम्रो धनगढी हामी बनाउछौं अभियानका क्रममा मिति २०७९/०४/०१ गते देखि विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक वडा नं. १९ बाट सञ्चालन गर्ने र त्यसको लागि विशेषज्ञ चिकित्सकको व्यवस्थापनका लागि धनगढी उप-महानगरपालिका र भाटभटेनी सुपर मार्केटका प्रबन्ध निर्देशक बीच मिति २०७९/०२/२५ मा भएको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ः**

धनगढी उप-महानगरपालिकाको फोहर व्यवस्थापन गर्ने कार्यलाई थप प्रभावकारी बनाउने कार्यका लागि वालिङ्ग नगरपालिकाले फोहर व्यवस्थापनमा गरेको उल्लेखनीय कार्यको अनुशरण गर्दै सो अनुसार सरसफाई व्यवस्थापनको कार्य अगाडी बढाउने निर्णय गरियो ।